नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : ०७५/०७६
चलानी नं. : ४३०

मिति: २०७६।०३।२३

विषय: बजेट सम्बन्धमा ।

श्री सम्बन्धित स्थानीय तहहरु (सबै) ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) तथा अन्तर-सरकार बित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) ले गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आ.ब.को लागि असार महिनाको दश गते भित्र राजश्व र व्यय को अनुमान सम्बन्धित गाउँ/नगर सभामा पेश गरी स्वीकृत भए पश्चात मात्र खर्च गर्नु पर्ने व्यवस्था गरेको व्यहोरा अवगत नै छ ।

अर्थ मन्त्रालयको प.सं. ०७५।७६ च.नं. ८३२ मिति २०७६।०३।०१ को पत्रबाट कानून बमोजिम बजेट सम्बन्धी प्रकृया पालना नभएमा नेपाल सरकारबाट हस्तान्तरण हुने सबै प्रकारका अनुदानहरुको निकासा र राजश्व बाँडफाँडको रकम हस्तान्तरण लगायतका प्रक्रियामा कठिनाई आउन सक्ने व्यहोरा जानकारी भए बमोजिम यस मन्त्रालयको प.सं. ०७५।७६ मिति २०७६।०३।०६ को पत्रबाट लेखि पठाइएको थियो ।

यसै सन्दर्भमा यस मन्त्रालयको प.सं. ०७५।७६ च.नं. ७६३ मिति २०७६।०३।११ को पत्रबाट आगामी आ.ब. २०७६।७७ को राजश्व र व्ययको अनुमानको विवरण माग गरि पठाइएकोमा केही स्थानीय तहहरुले हाल सम्म पनि उक्त विवरण यस मन्त्रालयमा पठाएको नदेखिएको हुँदा के कति कारणबाट हालसम्म पनि गाउँ/नगर सभामा आगामी आ.ब.को राजश्व र व्ययको विवरण पेश हुन नसकेको हो सो को कारण सहितको विवरण २ (दुई) दिन भित्र उपलब्ध गराईदिनु हुन अनुरोध छ । अन्यथा सम्बन्धित निकायमा राजश्व र व्ययको अनुमान पेश नभएको विषयमा जानकारी गराइने व्यहोरा अनुरोध छ ।

२०७६।३।२३

(सुनिल कुमार के.सी.)
कम्प्युटर अधिकृत

सिंहदरवार, काठमाण्डौं (+९७७)-०१४२००३०६, ४२००३१८
सन्देश सूचना बोर्ड: १६१८०१४२००३०९, इमेल: info@moga.gov.np वेबसाइट: http://www.mofaga.gov.np